## प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंकले नेपालमै पहिलो पटक सञ्चालनमा ल्यायो नौलो बचत योजना "सिद्धार्थ PAY & SAVE खाता"

वैशाख २४, २०८०, काठमाडौं




सिद्धार्थ बैंक लिमिटेडले अभिभावक तथा बालबालिकालाई लक्षित गर्दै नेपालमै पहिलो पटक अद्वितीय सुविधा भएको **"सिद्धार्थ PAY & SAVE खाता"** सञ्चालनमा ल्याएको छ । शुन्य मौज्दातमै खोल्न सकिने यस खातामा अभिभावकले डेबिट कार्ड र मोबाईल बैंकिङ्ग मार्फत रु. १०० भन्दा बढीको विद्युतिय कारोबार गरेको अवस्थामा सो कारोबार रकमलाई आधार बनाई निश्चित रकम अभिभावकको खाताबाट कट्टा भई बालबालिकाहरूको खातामा स्वतः जम्मा हुनेछ ।

डिजिटल कारोबारलाई प्रोत्साहित गर्दै बालबालिकाको लागी आजैबाट स-सानो बचत गर्दै जान अभिप्रेरित गर्ने उद्देश्यका साथ सञ्चालनमा ल्याइएको यस खातामा बैंकले अभिभावक र बालबालिका दुबैको खातामा विशेष आकर्षणको रुपमा पहिलो वर्षका लागि निःशुल्क डेबिट कार्ड र बैंकस्मार्ट XP सेवा प्रदान गर्नेछ ।

साथै, ग्राहकहरुलाई यस खाता खोली यथासिघ्र लाभ लिन प्रेरित गर्ने उद्देश्यका साथ सीमित अवधिका लागि क्यासब्याक योजना पनि उपलब्ध गराईएको छ । यस क्यासब्याक योजना अन्तर्गत अभिभावकहरुले डेबिट कार्ड मार्फत पहिलो पटक पि.ओ.एस् वा अनलाईनबाट न्युनतम रु १,००० को कारोबार गर्दा कारोबार रकमको ५% (अधिकतम रु १००) क्यासब्याक पाउन सक्नुहुनेछ । यसरी प्रदान गरिने क्यासब्याक रकम बालबालिकाहरुको खातामा जम्मा हुनेछ ।

यस खाताले अभिभावक वर्गहरुलाई डिजिटल प्रणालीको प्रयोग गर्न उत्प्रेरित गर्नुका साथै स-सानो बचत गरी आफ्नो बालबालिकाहरुको लागि केही रकम बचत गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

सिद्धार्थ बैंकको १९५ शाखा कार्यालयहरुबाट सहजै यो बचत खाता खोल्न सकिने छ । यस खाता बारे विस्तृत जानकारी नजिकैको शाखा कार्यालय वा बैंकको वेबसाइट

https://www.siddharthabank.com/products/saving-/siddhartha-pay-and-save-account मा प्राप्त गर्न सक्नुहुनेछ । यसका साथै, बैंकद्वारा सञ्चालित ग्राहक सेवा केन्द्र, सिद्धार्थ केयरमा निम्न उल्लेखित माध्यमबाट सम्पर्क गरेर पनि प्राप्त गर्न सक्नुहुनेछ :

| | | |
|---|---|---|
| फोन नं | : | ०१-५९७००२० |
| इमेल | : | customercare@sbl.com.np |
| हेल्पडेस्क | : | www.siddharthabank.com/helpdesk |
| भाइबर | : | https://chats.viber.com/siddharthabankcustomercare |